मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : ३२ ◆ अङ्क : १०६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १९ गते मंगलबार (Tuesday, 3 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## किराना पसलबाट १२ लाख र लागूऔषधसहित पक्राउ

**काठमाडौँ, फागुन १८।** काठमाडौंको विजयचोकस्थित एक किराना पसलबाट प्रहरीले स्रोत नखुलेको ठूलो परिमाणको नगद र लागूऔषध गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको छ।

लागूऔषध ओसारपसार तथा कारोबार भइरहेको विशेष सूचनाका आधारमा प्रहरी वृत्त गौशालाबाट खटिएको टोलीले काठमाडौं महानगरपालिका-९मा रहेको शिवानी स्टोरमा छापा मारेको हो। पक्राउ पर्नेमा सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-१ घर भई हाल काठमाडौं बस्ने ३२ वर्षीय रवीन्द्र खत्री र ३७ वर्षीय सन्तोष खत्री रहेका

*(बाँकी अन्तिम पृष्ठमा)*

## मौन अवधिमा आचारसंहितामा कडाई




**काठमाडौं, फागुन १८।** निर्वाचन आयोगले मौन अवधिमा आचारसंहिता कार्यान्वयनमा कडाइ गर्न सबै जिल्लाका निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई निर्देशन दिएको छ।

सोमबार ७७ वटै जिल्लाका निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई मौन अवधिमा आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्न र गराउन निर्देशन दिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। आयोगले भनेको छ- 'जिल्ला आचारसंहिता अनुगमन समिति समेतको सहकार्यमा अनुगमनकर्ताको अधिकारको प्रयोग गरी निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्न/गराउन निर्देशन गरिएको छ।'

आयोगले सबै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी र कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकेको छ। लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई आर्थिक पाटो हेर्ने जिम्मेवारी दिइएको छ। उनीहरूलाई मौन अवधिमा आचारसंहिता कार्यान्वयनमा कडाइ गर्न निर्देशन दिइएको हो। मतदान हुनुभन्दा अघिको ४८ घण्टालाई आयोगले मौन अवधि तोकेको छ। फागुन २१ गते निर्वाचन भएकाले फागुन १८ गते राति १२ बजेदेखि मौत अवधि शुरु हुन्छ।

मौन अवधि शुरु भएदेखि चुनावका दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म निर्वाचन आचारसंहिता कार्यान्वयनमा कडाइ गर्न भनिएको हो। यससँगै मतदानका दिन पालना गर्न पर्ने आचार पनि प्रभावकारी रुपमा पालना गर्न र गराउन निर्देशन दिइएको छ। यससँगै आयोगले राजनीतिक दल, उम्मेदवार र उम्मेदवारका समर्थकलाई पनि मौन अवधिमा चुनावी प्रचारप्रसार नगर्न आग्रह गरेको छ। निर्वाचन आचारसंहिता बमोजिम गर्न नहुने भनी तोकिएका कार्य नगर्न सचेत गराइएको छ।

# झापा–५मा विशेष सुरक्षा कमाण्ड

**झापा, फागुन १८।** आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै झापा क्षेत्र नम्बर ५मा विशेष सुरक्षा कमाण्ड सञ्चालनमा ल्याइएको छ।

राष्ट्रिय राजनीतिक चासोको केन्द्र बनेको यस क्षेत्रमा सुरक्षा व्यवस्थालाई अन्य क्षेत्रभन्दा थप कडा बनाइएको प्रहरीले जनाएको छ।

कोशी प्रदेशभर निर्वाचन सुरक्षाका लागि करिब ३५ हजार सुरक्षाकर्मी परिचालन गरिएका छन्। प्रदेशका २८वटै निर्वाचन क्षेत्रमा भयरहीत मतदान वातावरण सुनिश्चित गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबीच समन्वयात्मक सुरक्षा योजना लागू गरिएको प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ।

प्रहरीका अनुसार प्रदेशमा १२ हजार नेपाल प्रहरी र २३ हजार म्यादी प्रहरी निर्वाचनमा खटिएका छन् भने सशस्त्र प्रहरी बलका तर्फबाट ८ हजारभन्दा बढी जनशक्ति परिचालन गरिएको छ। कोशी प्रदेशका ३५ लाख ७४ हजार २८६ मतदाता र ४ हजार २ सय ७० मतदान केन्द्रको सुरक्षालाई ध्यानमा राख्दै बहुस्तरीय सुरक्षा घेरा बनाइएको छ।

**झापा–५ मा विशेष निगरानीमा**

पूर्वप्रधानमन्त्री तथा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह बालेनबीच प्रतिस्पर्धा भइरहेको झापा-५ लाई सुरक्षा निकायले 'हाई-प्रोफाइल' निर्वाचन क्षेत्रका रूपमा वर्गीकरण गरेको छ।







मनोनयनका क्रममा देखिएको झडप तथा बढ्दो राजनीतिक प्रतिस्पर्धालाई ध्यानमा राख्दै झापा-५मा अतिरिक्त १०० जनाको विशेष प्रहरी टोली परिचालन गरिएको छ। उक्त क्षेत्रको समग्र सुरक्षा व्यवस्थापन हेर्न प्रहरी उपरीक्षक (एसपी) नेतृत्वको कमाण्ड टोली नै खटाइएको छ।

कोशी प्रदेश प्रहरी प्रमुख डीआईजी बिनोद घिमिरेका अनुसार झापा-५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ध्यान केन्द्रित भएको क्षेत्र भएकाले सुरक्षा सतर्कता उच्च बनाइएको हो।अहिले स्थिति पूर्ण नियन्त्रणमा छ, मतदाताले ढुक्क भएर मतदान गर्न सक्ने वातावरण तयार छ- उनले बताए।

**अतिसंवेदनशील सूचीमा मतदान स्थल**

प्रदेश सुरक्षा समितिको मूल्याङ्कन अनुसार कोशी प्रदेशका १ हजार ९ सय ७ मतदानस्थलमध्ये ४३९

*(बाँकी अन्तिम पृष्ठमा)*

## सीमा नाका ४८ घण्टाका लागि बन्द

**झापा, फागुन १८।** प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै भारतसँग जोडिएका सबै सीमा नाका ४८ घण्टाका लागि बन्द गरिने भएको छ।

जिल्ला प्रशासन कार्यालय झापाका अनुसार पूर्वी नाका काँकरभिट्टासहितका सबै नाका बन्द भएका छन्। सोमवार राति १९ बजेदेखि लागू हुने गरी फागुन २१ गते राति १२ बजेसम्मका लागि नाका बन्द गरिएको सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले जानकारी दिए।

उता जिल्ला प्रशासन कार्यालय सुनसरीले नेपाल-भारत सीमासँग जोडिएका सम्पूर्ण औपचारिक तथा अनौपचारिक नाका बन्द गर्ने निर्णय गरेको जनाएको छ। प्रशासनले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गर्न तथा बाह्य प्रभावलाई न्यूनीकरण गर्न यस्तो निर्णय लिइएको स्पष्ट पारेको छ। निर्वाचन अवधिभर सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान निकाय संयुक्त रुपमा परिचालन गरिनेछ।

सीमा क्षेत्रका संवेदनशील बिन्दुहरूमा थप चेकपोस्ट स्थापना, सवारीसाधन जाँच, रात्री गस्ती तथा ड्रोनमार्फत निगरानीसमेत बढाइने प्रशासनले जनाएको छ। खुला सीमाको विशेष अवस्थालाई ध्यानमा राख्दै भारतीय सुरक्षा निकायसँग नियमित समन्वय र सूचना आदान-प्रदान भइरहेको बताइएको छ।

दुवै देशका स्थानीय प्रशासनबीच पनि आवश्यक सम्पर्क कायम गरिएको छ। निर्धारित समयावधिमा सर्वसाधारणको नियमित आवतजावत पूर्ण रूपमा रोक लगाइनेछ। अत्यावश्यक सेवा जस्तै एम्बुलेन्स, बिरामी बोकेको सवारी, कूटनीतिक नियोगका सवारी वा पूर्वस्वीकृत अत्यावश्यक ढुवानीका हकमा भने सम्बन्धित निकायको अनुमति लिएर मात्र आवतजावत गर्न पाइनेछ।

सीमा नाका बन्द हुँदा दैनिक रूपमा भारत आवतजावत गर्ने मजदुर, साना व्यापारी तथा

*(बाँकी अन्तिम पृष्ठमा)*

## महाकाली सन्धि राष्ट्रघाती होइन: पूर्व सभामुख घिमिरे



**झापा, फागुन १८।** पूर्व सभामुख तथा प्रतिनिधिसभा सदस्यका उम्मेदवार देवराज घिमिरेले महाकाली सन्धिलाई राष्ट्रघाती भनेर फैलाइएको प्रचार भ्रमपूर्ण र नियोजित भएको दावी गरेका छन्।

झापा क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार समेत रहेका घिमिरेले निर्वाचन नजिकिँदै जाँदा आफूविरुद्ध गलत प्रचार गरिएको भन्दै त्यसको खण्डन गरे।

झापाको बिर्तामोडमा प्रेस चौतारी नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै पूर्व सभामुख घिमिरेले केही दिनअघि नियोजित रुपमा सामाजिक सञ्जालमा महाकाली सन्धिमा हस्ताक्षर गरेर राष्ट्रघात गरेको भन्दै भिडियो सामग्री भाइरल गराएको प्रति आपत्ति जनाउँदै सार्वजनिक रूपमा स्पष्टीकरण दिएका हुन्। महाकाली सन्धि राष्ट्रहितबिरुद्ध नभई नेपाल-भारतबीचको साझा नदीको पानी उपयोग सम्बन्धी ऐतिहासिक समझदारी भएको उनको

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'कांग्रेस सबैभन्दा ठूलो दलको रुपमा आउँदैछ'



**काठमाडौं, फागुन १८।** नेपाली कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले आउँदो निर्वाचनबाट कांग्रेस सबैभन्दा ठूलो पार्टीको रुपमा आउन लागेको बताएका छन्।

कांग्रेस केन्द्रीय कार्यालय, सानेपामा पत्रकार सम्मेलन गरेर उपसभापति शर्माले चुनावी यात्राबारे जानकारी गराएका हुन्। सञ्चारकर्मीले सोधेको एक प्रश्नको जवाफमा शर्माले भने- 'फागुन २१ गतेको निर्वाचनबाट नेपाली कांग्रेस सबैभन्दा ठूलो दलका रुपमा आउँदै छ।'

देशभरबाट आइरहेको रिपोर्टका आधारमा कांग्रेस ठूलो दल बन्न लागेको उनले सुनाए। 'प्रत्यक्ष र समानुपातिक दुवैमा सबभन्दा ठूलो दल बन्दै छ'- शर्माले भने। सञ्चारकर्मीले सिट संख्या सोधे पनि उनले अहिले भन्न उपयुक्त नहुने बताए। आफ्नो र दोस्रो हुने दलबीच धेरै फरक हुने उनको भनाइ थियो। 'कुनै पनि दोस्रो दलभन्दा धेरै अगाडि हुन्छौँ'- उनले भने।

## निर्वाचन कर्मचारी बोकेको गाडी दुर्घटना, असईको मृत्यु

**काठमाडौं, फागुन १८।** रामेछाप नगरपालिका-२ मा निर्वाचन सामग्री र निर्वाचनमा खटिने कर्मचारी बोकेको गाडी दुर्घटना भएको छ।

जिल्लाको साघुटारमा ना ४ ख ६७६८ नम्बरको गाडी दुर्घटना हुँदा एक जना प्रहरीको मृत्यु भएको र छ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक भोला भट्टले जानकारी दिए।

मृत्यु हुनेमा प्रहरी सहायक निरीक्षक (असई) रहेका छन्। उद्धारमा खटिएको सशस्त्र प्रहरीका अनुसार, गाडीमा सवार असईको दुर्घटनास्थलमै मृत्यु भएको हो। दुर्घटनामा पाँच जना कर्मचारी घाइते भएका छन्। घाइतेलाई उपचारका लागि मन्थली अस्पताल पठाइएको छ। घाइते कर्मचारीको परिचय खुलेको छैन।

सोमबार रामेछाप सदरमुकाम मन्थलीबाट निर्वाचन सामग्री र कर्मचारी लिएर रामेछाप-२ र ३ का बुथतर्फ जाँदै गरेको गाडी देउराली सिरुबारीको भिर नजिकै दुर्घटना भएको हो। गाडीमा निर्वाचन अधिकृत, सहायक कर्मचारी

*(बाँकी अन्तिम पृष्ठमा)*

## आगलागीका घटनामा वृद्धि

**काठमाडौँ, फागुन १८।** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका अनुसार, यही फागुन १६ गते बिहान १० देखि १७ गते बिहानसम्म देशभर कूल २३ वटा विपद्का घटना घटेका छन्। त्यसमध्ये २२ वटा घटना आगलागीसँग सम्बन्धित थिए। एउटा मात्रै पहिरोको घटना थियो।

सामान्य सावधानी अपनाउँदासमेत जोगिन सकिने आगलागीका कारण धनमालको क्षति भएको प्राधिकरणले जनाएको छ। विपद्मा परेर एक जनाको ज्यान गएको छ भने पाँच जना घाइते भएका छन्। विपद्का कारण रु. ५२ लाख ४५ लाख बराबरको क्षति भएको छ।

प्राधिकरणका अनुसार पाँचथर, झापा,

*(बाँकी अन्तिम पृष्ठमा)*

## आफ्नै सूचना

**२०८२ फागुन २० गते बुधवार र २१ गते विहीवार बिदाका कारण पूर्वाञ्चल दैनिक पत्रिका प्रकाशन नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं। यसबाट पाठक वर्ग तथा विज्ञापन दातामा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं। आगामी अंक फागुन २२ गते शुक्रवारबाट शुचारु हुने सबैमा जानकारी गराउँदछौं।**

साथै होली पर्व २०८२ को पावन अवसरमा समस्त नेपालीमा शान्ति, सद्भाव, मेलमिलाप, एकता र बन्धुत्वभावको कामनासहित **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**– व्यवस्थापक**

# मध्यपूर्वमा लडाइँ चर्किने डरले नेपाली त्रसित

**काठमाडौं, फागुन १८।** यूएईको आबुधाबीमा कार्यरत बुटवलका आकाश खनालले सोमवार मध्याह्न बीबीसीसँग कुराकानी गर्दा आफूले दुई मिनेटअघि विस्फोटनको ठूलो आवाज सुनेको बताए। उनका अनुसार बिहान पनि त्यस्तै आवाज सुनिएको थियो।

धेरै आत्तिनुपर्ने अवस्था त छैन। किनकि यहाँको सरकारले इरानी प्रहारको प्रतिरक्षा गरेको बताउने गरेको छ- उनले भने- तर जुनसुकै बेला त्यस्ता आवाज आउँदा डर लाग्छ, अरु नै आवाज आउँदा पनि आकाशतिर ध्यान जान्छ। यता खस्यो कि, उता खस्यो कि भन्ने चिन्ता हुन्छ। त्यहाँको सरकारले घरबाटै काम गर्न आग्रह गरेको छ। तर चार वर्षदेखि सुरक्षागार्डको रूपमा कार्यरत उनी ड्यूटीमै रहेको बताए।

यहाँको सरकारले देश र हाम्रो सुरक्षाको निम्ति गर्ने जति गरिरहेकै छ। तर, प्राकृतिक विपद् भए त सुरक्षित ठाउँमा जान सकिन्थ्यो। यो त कहाँबाट कति बेला कहाँ आउँछ भन्ने थाहा हुँदैन- उनले



भने- नेपाली साथीबारे दुःखद् खबर आयो। त्यसैले कतिपय साथीहरूमा चिन्ता र डर पक्कै छ।

आबुधाबीमा मारिएका तीन विदेशीमध्ये एक जना नेपाली हुन् उनी जायाद अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा कार्यरत थिए। मारिने अन्य दुई जनामा पाकिस्तान र बंगलादेशका नागरिक छन्।

**दुबईमा 'ढुक्क'**

दुबईमा १० वर्षदेखि कार्यरत अमरगढी डडेलधुराका सिद्धार्थ खड्का पर्यटकीय आकर्षणको एउटा केन्द्र रहेको बुर्ज खलिफानजिकै बस्छन्।

उनका अनुसार इरानमाथिको आक्रमण र उसले गरेको प्रत्याक्रमणको दिन अब के हुन्छ, कसो हुन्छ भनेर मानिसहरू डराइरहेका छन्। सरकारले बुधवारसम्म सकेसम्म घरबाटै काम गर्न सूचना जारी गरेको छ। हवाई उडान बन्द छ- उनले

*(बाँकी अन्तिम पृष्ठमा)*

## इरानी आक्रमणमा मारिने नेपाली गोरखाका

**काठमाडौं, फागुन १८।** संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित जायेद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा एक नेपाली नागरिकको मृत्यु भएको छ।

मृतक गोर्खा घर भएका २९ वर्षीय दिवस श्रेष्ठ रहेको अबुधाबीस्थित नेपाली दूतावासले जनाएको छ। दूतावासका अनुसार श्रेष्ठ 'मध्यपूर्व कम्पनी' मा सेक्युरिटी गार्डका रूपमा कार्यरत थिए। घटनाबारे यूएईको परराष्ट्र मन्त्रालयबाट आधिकारिक जानकारी प्राप्त भएको दूतावासले पुष्टि गरेको छ। घटनाको प्रकृति र थप विवरण सम्बन्धित निकायले सार्वजनिक गर्ने जनाइएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*



# होलीमा गुञ्जिरहेका छन् पुरानै गीत



**काठमाडौँ, फागुन १८।** फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु अर्थात् होली पर्व हिमाली एवम् पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइयो भने आज तराईमा धुमधाम मनाइने भएको छ।

वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाउने गरिन्छ। सत्यको विजय र असत्यको नाश भएको उत्सवका रूपमा होली पर्व मनाइने गरिएको आम विश्वास छ।

यो पर्वमा गीत-सङ्गीतको आफ्नै महत्व छ। ख्याली, टप्पा, जोगिरा र वसन्त राग गाउँदै अबिर लगाएर शुभकामना आदानप्रदान गरिने भएता पनि नेपाली चलचित्रका केही कालजयी गीत छन्, जसले होली आएको आभाष दिलाउने गरेका छन्। ती गीतहरू गाउँ होस् या सहर उत्तिकै गुञ्जिन रहेका छन्। चाडपर्व जतिसुकै आधुनिक परम्पाराले मनाएता पनि पुरानै गीत गुञ्जिने गरेको पाइन्छ।

होली रङको मात्रै पर्व होइन, यो सङ्गीतको पर्व पनि हो। होलीमा रङ जस्तै गीतसङ्गीतको स्थान पनि महत्वपूर्ण छ। त्यसो त हाम्रा हरेक पर्वमा गीतसङ्गीतको विशेष स्थान छ। तीज, दशैं, तिहारलगायतका पर्वमा जस्तै होलीमा पनि सङ्गीतको विशेष महत्व छ। सङ्गीतविना हाम्रा पर्व अधुरा छन्।

हरेक होलीमा धेरै प्राथमिकता पर्ने गीत हो 'होलीले रङ्गायो मेरो चोली'। सन् १९९३मा निर्माण भएको चलचित्र 'अधिकार' मा समावेश उक्त गीतले पर्व आएको आभाष दिलाउने गर्छ। आज आयोजना हुने कार्यक्रममा यो गीत नगुञ्जिने सम्भावना न्यून हुन्छ। अभिनेता राजेश हमाल, मिथिला शर्मा, कृष्टी मैनाली, प्रकाश थापा, राजाराम पौडेल, बसुन्धरा भुसाल, नीर शाहलगायतका कलाकारले नृत्य गरेको गीत अहिलेको पुस्तामा पनि उत्तिकै लोकप्रिय छ।

चलचित्र 'बसन्ती' एक ऐतिहासिक विषयमा निर्माण भएको चलचित्रका रूपमा चिनिए तापनि यसमा समावेश 'फागु हो फागु हो' बोलको गीत होलीमा धेरै गुन्जिने गीतमा पर्छ। राणाकालीन समयमा दरबारभित्र होलीलाई कसरी मनाइन्थ्यो भन्ने कुरा उक्त गीतमा देखाएको छ। गीतमा राजेश हमाल, करिश्मा मानन्धर, निरुता सिंहलगायतका कलाकार देख्न सकिन्छ।

नेपालका प्रख्यात उपन्यासकार डायमण्ड शम्शेर राणाले लेखेको उपन्यास 'वसन्ती' मा आधारित रहेर निर्माण भएको उक्त चलचित्र नीर शाहले निर्देशन गरेका हुन्। नीर शाहकै शब्द रहेको गीतमा शम्भुजित बाँस्कोटाको सङ्गीत र ज्ञानु राणा तथा लोचन भट्टराईको स्वर छ।

नेपाली चलचित्र 'सीता' मा समावेश गीत 'आज जनकपुरमे होली है' अझै पनि उत्तिकै लोकप्रिय छ। अभिनेता श्रीकृष्ण श्रेष्ठ, सारङ्गा श्रेष्ठ, राजाराम पौडेल, किरण केसी अभिनित उक्त चलचित्रको प्रदर्शन विसं २०५१ सालमा भएको थियो। उक्त गीतमा जनकपुर क्षेत्रमा कसरी होली मनाइन्छ भन्ने कुरा देखाइएको छ।

यस्तै, चलचित्र 'बटरफ्लाई'मा समावेश 'होली रे', चलचित्र 'फागु'मा समावेश 'आऊ न आऊ खेलौँ होली', चलचित्र 'गाजलु'मा समावेश 'रङ रङ्गा' होलीमा आज गुञ्जिरहेका छन्।

निर्देशक पूर्णेन्द्र झा निर्देशित चलचित्र 'संरक्षण' मा समावेश 'होरीमे गोरी' बोलको होली गीत तराई क्षेत्रमा होलीको समय धेरै बज्ने गीतमध्येको एक हो। भोजपुरीमा शब्द रहेको यो गीत छायाङ्कन गर्न होलीको आयोजना नै गरिएको निर्देशक झाले बताए।

तराईको कथावस्तुमा निर्मित चलचित्र भएकाले हामीले होलीको सन्दर्भ पारेर गीत तयार गरेका थियौँ। अन्य समयमा गीतको खासै चर्चा नभएता पनि होलीमा भने यो धेरै सुनिने गीतमा पर्छ। हामीले यसमा मिथिला क्षेत्रमा मनाइने होलीलाई देखाएका छौँ। अन्य सामान्य गीत भन्दा केही खर्चिलो भएता पनि यो गीतले संस्कृति महत्व बोकेको छ- निर्देशक झाले भने।

होली बाहेकको समयमा छायाङ्कन गरिएकाले उक्त अवधिभर होलीको माहोल सिर्जना गरिएको उनले बताए। होली पर्वलाई लक्षित गर्दै नयाँ गीत नबनेका होइनन् तर पुरानै गीतमा आकर्षण रहिरहनुलाई सङ्गीतकार अर्जुन पोखरेलले स्वाभाविक रूपमा लिएका छन्।

उनले पुराना गीतमा चाडपर्वको प्रसङ्ग र सोही वातावरणमा गीतसङ्गीतको दृश्याङ्कन गरिएकाले ती गीत कालजयी हुन् सफल भएको बताए। हामीले उल्लेख गरिरहेको गीतहरू चलचित्रमै प्रसङ्गसहित आएका थिएँ। त्यही भएर दर्शकको रोजाइमा पर्न सफल भए। चलचित्रमा भएका गीतसङ्गीतले गीतिसंग्रहको तुलनामा बढी प्रचार पाउँछन्, सोही कारण पनि अहिले उक्त गीतहरू हामीले सुन्छौँ र उत्तिकै मन पर्छ- सङ्गीतकार पोखरेलले भने।

सङ्गीतकार पोखरेल झैँ गायक कर्णराज गिरी पनि पुरानै गीतमा नाचगान गर्दै होली मनाउँछन्। नयाँ गीत आइरहेता पनि उनलाई स्मरण छैन। म कार्यक्रममा होस् या मेला, महोत्सवमा होलीको सन्दर्भमा पुरानै लोकप्रिय गीत गाउने गरेको छु।

उक्त गीतको बारेमा सबैलाई थाहा भएकाले त्यसमा सबैले रमाइलो गर्नुहुन्छ- गायक गिरीले भने। आज पहाडी भेगमा होली पर्व मनाइए पनि तराईमा भने आज मनाइने छ।

## लागूऔषधसहित तीन जना पक्राउ

**झापा, फागुन १८।** गौरीगञ्ज गाउँपालिका-२ बाहुनटोलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ ग्राम ८ सय ५० मिलिग्रामसहित कमल गाउँपालिका-४ साधुटोल बस्ने ३३ वर्षीय राजेश नेम्वाङलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी कोरोबारीबाट खटिएको प्रहरीले टटुवामारीबाट बाहुनटोलतर्फ साइकलमा आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

उता मोरङको विराटनगर महानगरपालिका-१६ दरैयाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ३ ग्राम ९ सय ८० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सुनसरी धरान उपमहानगरपालिका-११ बस्ने २७ वर्षीय रिचन्द लिम्बू र २४ वर्षीय तेञ्जिङ शेर्पा रहेका छन्। लागूऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

## फागुन २१मा हवाई उडान बन्द नहुने

**काठमाडौं, फागुन १८।** प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत फागुन २१मा हुने मतदानका दिन आन्तरिकतर्फको हवाई उडान सुचारु हुने नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

निर्वाचन आयोगले हवाई उडान नरोक्ने गरी आचारसंहिता जारी गरेका कारण औपचारिक रूपमा उडान बन्द नहुने प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए। तर, पर्याप्त यात्रु नहुने कारण उडान संख्यामा कटौती गर्ने मनस्थितिमा एयरलाइन्स छन्। त्यस दिन आन्तरिक उडानको बुकिङ खासै नभएका कारण अतिआवश्यक र उद्धारचाहिँ सुचारु हुने उनले बताए। न्यून यात्रुका कारण एयरलाइन्सहरूले सञ्चालन खर्च धान्न नसकेमा उडान सञ्चालन गर्न बाध्य नहुने उनले बताए।

निर्वाचन आयोगले मतदान हुने दिन बेलुकी ५ बजेसम्मका लागि लामो तथा छोटो दूरीका सवारी साधन चलाउन बन्देज लगाएको छ। तर, हवाई सेवाबारे केही उल्लेख गरेको छैन। हवाई सेवाको नियमन र व्यवस्थापन नागरिक उड्डयन प्राधिकरणले गर्छ। अन्तर्राष्ट्रिय उडान पनि निर्वाचनका कारण बन्द नहुने तर यात्रु तथा अन्य मुलुकको हवाई सुरक्षाका कारण नियमित नहुने सम्भावना रहेको उनले बताए।

## बाधा चिर्दै एसियन कपमा बंगलादेश

**काठमाडौं, फागुन १८।** सामाजिक कलङ्क, गरिबी, धार्मिक कट्टरता र पारिवारिक दबाबका वर्षौंको अवरोध पार गर्दै बङ्गलादेशको राष्ट्रिय महिला फुटबल टोली पहिलोपटक महिला एशियन कपमा स्थान बनाउन सफल भएको छ।

अष्ट्रेलियामा मार्च ३ देखि शुरु हुने प्रतियोगितामा डेब्यू गर्न लागेको टोलीका लागि यो केवल खेल उपलब्धि मात्र नभई लैङ्गिक विभेदबिरुद्धको ऐतिहासिक जीत पनि बनेको छ।

करिब १७ करोड जनसंख्या भएको यस दक्षिण एशियाली राष्ट्रमा महिला खेलाडी बन्नु सजिलो छैन। विशेषगरी ग्रामीण क्षेत्रमा केटीहरूलाई खेलकुदबाट टाढा राख्ने सामाजिक दबाब गहिरो छ। सर्ट लगाएर फुटबल खेल्नु अभद्र ठान्ने त्यहाँको धारणा अझै जीवित छ। कप्तान अफिदा खान्डाकरले समुदायबाट पर्याप्त साथ पाएको भए अझ धेरै केटीहरू टोलीमा जोडिन सक्ने बताए।

२० वर्षीया खेलाडी एन्निमा खानम रिचीले आफ्ना धेरै साथीहरूलाई खेलबाट हटाएर व्यवस्थित विवाह गराइएको स्मरण गरे। परिवारहरूले सामाजिक दबाब सहन नसक्दा छोरीहरूलाई मैदानबाट टाढा राख्ने गरेको उनको भनाइ छ। कप्तान खान्डाकरले पनि आफ्ना आमाबाबुले-विशेषगरी आमाले–कटू टिप्पणी सहेर आफूलाई अघि बढाउन साथ दिएको उल्लेख गरिन्।

सन् २०११मा पहिलो महिला लिग शुरु भएको बङ्गलादेशमा दुई वर्षयताको राजनीतिक उथलपुथलले थप चुनौति थपेको थियो। सन् २०२४ को विद्रोहपछि सक्रिय इस्लामवादी समूहहरूले महिलामाथि 'अपर्याप्त विनय' को आरोप लगाउँदै दबाब बढाएका थिए। हिंसाको धम्कीका कारण गत वर्ष केही खेल रद्दसमेत भएका थिए।

हालै सम्पन्न आम निर्वाचनमा विजयी बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी) ले महिला अधिकारको समर्थन गर्ने वाचा गरेको छ, तर इस्लामवादी दलहरूको बढ्दो प्रभावले लैङ्गिक नीतिबारे चिन्ता कायमै छ।

बङ्गलादेश फुटबल महासंघका प्रशिक्षक सैफुल बारी टिटूले महिला टोलीले धेरै विरोध झेलेर यहाँसम्म पुगेको बताए।

## मध्यपूर्वमा ...

भने। अहिले अरू सबै सामान्य छ। सुपरमार्केट, सार्वजनिक यातायात र रेस्टुराँहरू सबै खुला छन्। डराउनुपर्ने, आत्तिनुपर्ने छैन।

प्रधानमन्त्री सुशीला कार्कीले सोमबार सम्बोधन गर्दै विकसित घटनाक्रमलाई नेपाल सरकारले सूक्ष्म रूपमा नियालिरहेको बताएकी छन्। त्यहाँ रहेका नेपालीको सुरक्षा सरकारको ठूलो चासोको विषय भएको बताउँदै प्रधानमन्त्रीले मध्यपूर्वमा रहेका नेपालीहरूलाई सम्बोधन गर्दै भनेकी छन्- हामी हरदम तपाईँहरूको साथमा छौँ। नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा यो सरकार कटिबद्ध छ। खड्काले स्वदेश फर्किन पाए हुन्थ्यो भन्ने अवस्था अहिलेसम्म दुबईमा नरहेको अनुभव सुनाए। उनका अनुसार त्यहाँ मानिसहरू नियमित काममा जाने-आउने गरिरहेका छन्।

**परिवारसँगै बस्ने चाहना कसको हुँदैन र ?**

यूएईको आबुधाबीस्थित नेपाली राजदूतावासकी प्रवक्ता तथा उपनियोग प्रमुख रञ्जिता दाहालले त्यहाँ रहेका नेपालीहरूबाट विभिन्न सरोकार व्यक्त गर्दै २००-३०० फोन र सन्देश प्राप्त गरेको जानकारी दिइन्। कसैले सामान्य सोधपुछका निम्ति सम्पर्क गर्नुभएको छ। कोहीकोहीले आत्तिएर पनि फोन गर्नुभएको छ- उनले भनिन्- यहाँको प्रतिरक्षा प्रणाली बलियो छ। त्यसैले धेरै त्रासदीपूर्ण अवस्था देखिएको छैन।

प्रवक्ता दाहालका भनाइमा अहिलेसम्म कुनै नेपालीले ठूलै समस्यामा परेर राजदूतावासको सहयोग मागेका छैनन्। तर, आबुधाबीमा कार्यरत आकाश खनालका अनुसार खर्च गरेर भर्खरै पुगेका नेपालीलाई नफर्किंदा जोखिम हुने, फर्किंदा गरेको खर्चको सम्भावित चिन्ता भएकाहरू पनि छन्।

तर अहिले त्यहाँबाट स्वदेश फर्किन सक्ने वा सरकारले फर्काउन सक्ने सम्भावना उनले पनि देखेका छैनन्। तैपनि पहिलो प्राथमिकता त सुरक्षा हो। अहिले घर जान पाए, सामान्य अवस्था भएपछि काममा फर्किन पाए हुन्थ्यो भन्ने साथीहरू पनि हुनुहुन्छ- उनले भने- त्यसैले सरकारले सक्ने जति गरिदिए हुन्थ्यो भन्ने पनि छ, किन कि यस्तो अप्ठेरो बेला परिवारसँगै बस्न पाए हुन्थ्यो भन्ने चाहना कसको हुँदैन र ? उनका बुझाइमा यो लडाइँ कति लामो हुन्छ भन्ने अनिश्चितले चिन्ता थपिए हो। रुस र युक्रेनको लडाइँ अझैँ अन्त्य नभएकाले यो पनि कहिले समाधान हुन्छ भन्ने अनिश्चितताले चिन्ता थपिएको छ- उनले बताए।

**एनआरएनएको चासो र कामदारको चिन्ता**

गैरआवासीय नेपाली संघ (एनआरएनए) का प्रमुख कार्यकारी अधिकृत राजेन्द्र राउतका अनुसार मध्यपूर्वका विभिन्न देशहरूमा कार्यरत नेपालीहरूमा एक खालको त्रास र संशय रहेको विवरण एनआरएनएका विभिन्न संयन्त्रबाट प्राप्त भएका छन्।

त्यसको निम्ति राष्ट्रिय समन्वय परिषद् पनि क्रियाशील छ। हामीले सरकार र हाम्रा संयन्त्रहरूसँग नेपालीहरूको चिन्ता र सरोकार सम्बोधनबारे समन्वय गरिरहेका छौँ- कार्यकारी अधिकृत राउतले भने।

मध्यपूर्वका देशहरूमा ठूलो संख्यामा नेपालीहरू वैदेशिक रोजगारीमा गएका छन्। पछिल्लो परिवर्तित अवस्थामा वैदेशिक रोजगार विभागले साउदी अरेबिया, यूएई, कुवेत, कतार, बाहरेन, ओमान, इराक, यमन, लेबनान, टर्की, जोर्डन र इजायरल समेतका देशहरूमा वैदेशिक रोजगारीका निम्ति दिइने व्यक्तिगत र संस्थागत श्रम स्वीकृति स्थगित गरेको छ।

वैदेशिक रोजगार विभागका उपमहानिर्देशक तथा प्रवक्ता चन्द्रबहादुर शिवाकोटी भन्छन्- कसैले चिन्ता व्यक्त गर्दै अहिलेसम्म सिँधै हामीलाई सम्पर्क गरिसकेका छैनन्।

## निर्वाचन ...

र सुरक्षाकर्मीसहित मतपेटिका र आवश्यक कागजात रहेका थिए।

दुर्घटना भएलगत्तै सशस्त्र प्रहरी बल नेपाल विपद् उद्धार वेश खुर्कोटबाट सई रमेशबहादुर थापाको कमाण्डमा ११ जनाको टोली खटिएको थियो। नौ जना गोताखोर र एक जना डीएमसहितको टोलीले घाइतेको उद्धार गरेर अस्पताल पठाएको छ।

## झापा ५मा ...

स्थान अतिसंवेदनशील सूचीमा राखिएका छन्। ती क्षेत्रमा मोबाइल गस्ती, रिजर्भ फोर्स र द्रुत प्रतिक्रिया टोली तयारी अवस्थामा राखिएको प्रहरीले जनाएको छ।

सानातिना घटनालाई पनि गम्भीर रूपमा लिएर तत्काल प्रतिक्रिया दिने रणनीति अपनाइएको डीआईजी घिमिरेको भनाइ छ।

**अफवाह नियन्त्रणमा साइबर निगरानी**

यस पटक निर्वाचनमा सामाजिक सञ्जालमार्फत फैलाइने अफवाहलाई प्रमुख चुनौति मान्दै प्रहरीले प्रदेशस्तरमा 'साइबर डेस्क' स्थापना गरी निगरानी तीव्र बनाएको छ। जिल्ला तहसम्म डिजिटल गतिविधि अनुगमन गर्ने व्यवस्था गरिएको छ। प्रहरीका अनुसार सामाजिक सञ्जालमार्फत गलत सूचना फैलाएर चुनावी वातावरण प्रभावित पार्ने प्रयास हुनसक्ने भएकाले अनलाइन गतिविधिमाथि सूक्ष्म निगरानी भइरहेको छ।

**सीमा क्षेत्रमा कडा सुरक्षा**

भारतसँग जोडिएको सीमावर्ती जिल्ला झापासहित मोरङ र सुनसरीमा सीमा सुरक्षा थप कडा पारिएको छ। भारतीय सुरक्षा निकायसँग समन्वय बैठक सम्पन्न गरी संयुक्त गस्ती र निगरानी बढाइएको प्रहरीले जनाएको छ।

निर्वाचन नजिकिँदै जाँदा झापा-५ सहित कोशी प्रदेशभर सुरक्षा संयन्त्र उच्च सतर्क अवस्थामा राखिएको र शान्तिपूर्ण मतदान गराउने तयारी अन्तिम चरणमा पुगेको सुरक्षा निकायको दाबी छ।

## किराना ...

छन्। प्रहरीले उनीहरूको शरीर र पसलको खानतलासी गर्दा स्रोत नखुलेको १२ लाख ४७ हजार रुपैयाँ नगद फेला पारेको थियो। बरामद रकममा एक हजार दरका ८ सय ५६ थान र पाँच सय दरका ७ सय ८२ थान नोट रहेका छन्।

नगदका साथै प्रहरीले उनीहरूको साथबाट ५० ग्राम गाँजाको धुलो र ४६० ग्राम गाँजा समेत बरामद गरेको छ। साथै, कारोबारमा प्रयोग भएको आशंका गरिएको बा८८प १३२१ नम्बरको स्कुटर र तीन थान मोबाइल फोन समेत प्रहरीले नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवम् प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार पक्राउ परेका व्यक्तिहरूमाथि लागूऔषध र अवैध रकमका सम्बन्धमा थप अनुसन्धान भइरहेको छ।

## महाकाली ...

भनाइ छ। महाकाली नदीको पानी आधा-आधा प्रयोग गर्ने सहमति भएको विषयलाई तोडमोड गरेर राष्ट्रघाती भनियो- उनले भने- त्यो सन्धि राष्ट्रघात होइन, भ्रम सिर्जना गरेर राजनीतिक लाभ लिन खोजिएको हो।

विश्व इतिहासमै साझा नदीको पानी बराबरी आधारमा उपयोग गर्ने समझदारी स्थापित हुनु सकारात्मक उपलब्धि भएको उल्लेख गरेका घिमिरेले उक्त व्यवस्था अहिले पनि सही रहेको र त्यसलाई गलत भन्नु यथार्थ विपरीत हुने उनले दावी गरे। महाकाली सन्धिप्रति आफू अहिले पनि स्पष्ट रूपमा पक्षमा रहेको बताउँदै घिमिरेले सन्धिलाई लिएर व्यक्तिविशेषमाथि लक्षित आक्रमण दुर्भाग्यपूर्ण भएको टिप्पणी गरे।

निर्वाचनको मुखमा यस प्रकारका गतिविधि हुनु नियोजित हो। यसले नेपाली जनतालाई गलत दिशातर्फ लैजान खोजिरहेको छ- उनले भने। महाकाली सन्धिमा हस्ताक्षर गर्दा आफू सरकारको आधिकारिक प्रतिनिधि नभएको स्पष्ट पार्दै पार्टीको हैसियतमा गरिएको निर्णय देशहितमै रहेको जिकिर गरे। राजनीतिक प्रसंगमा उनले नेकपा एमालेविरुद्ध विभिन्न शक्ति सक्रिय भएको आरोप लगाए। आन्तरिक रूपमा पुनरुत्थानवादी, प्रतिगामी तथा अग्रगतिलाई रोक्न चाहने शक्तिहरू एकजुट भएर एमाले कमजोर पार्न लागीपरेको उनको भनाइ थियो।

नेपाललाई आफ्नो स्वार्थ अनुसार उपयोग गर्न चाहने साम्राज्यवादी शक्ति र कम्युनिष्ट प्रभाव नियन्त्रण गर्न खोज्ने पुँजीवादी शक्ति पनि एमालेबिरुद्ध सक्रिय छन्- उनले भने- तर राष्ट्रियताको संरक्षण गर्ने सवालमा एमाले सँधै दृढ रहँदै आएको छ। आफू सँधै देश र जनताको हितमा उभिएको बताउँदै भ्रम र आरोपभन्दा तथ्यका आधारमा मूल्याङ्कन गर्न उनले मतदातासँग आग्रह गरे।

## इरानी ...

दूतावासले श्रेष्ठको निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ भने शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ। परिस्थिति सहज भएपछि श्रेष्ठको पार्थिव शरीर यथाशीघ्र स्वदेश फिर्ता ल्याउन आवश्यक सम्पूर्ण सहजीकरण गर्ने दूतावासले जनाएको छ।

यसैबीच, दूतावासले यूएईमा रहेका नेपाली नागरिकलाई संयम हुन, सुरक्षित स्थानमा बस्न र यूएई सरकारले जारी गरेका सुरक्षा मापदण्डहरू पूर्ण रूपमा पालना गर्न आग्रह गरेको छ।

## सीमा ...

किनमेलका लागि जाने सर्वसाधारण प्रभावित हुने अनुमान गरिएको छ। प्रशासनले समयमै वैकल्पिक व्यवस्थापन गर्न र अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ। निर्वाचनको समयमा धन-बल र बाह्य प्रभाव प्रयोग हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै सीमाबाट हुने अवैध नगद, मदिरा, लागूऔषध तथा अन्य सामग्री ओसारपसार रोक्न विशेष निगरानी गरिनेछ।

साथै सीमा आसपासका होटल, लज र भाडाका घरहरूको पनि निगरानी बढाइने जनाइएको छ। प्रशासनले सर्वसाधारणलाई अफवाहमा नपर्न, शंकास्पद गतिविधि देखिएमा नजिकको सुरक्षा निकायलाई जानकारी गराउन र निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहयोग गर्न आह्वान गरेको छ।

सुनसरी-भारत खुला सीमाको संवेदनशीलतालाई मध्यनजर गर्दै हरेक निर्वाचनमा यस्तै प्रकारको अस्थायी कडाइ गर्ने अभ्यास रहेको प्रशासनले स्मरण गराएको छ।

## आगलागी ...

मोरङ, सुनसरी र धनकुटामा आगलागी भएका छन्। यस्तै, सप्तरी, धनुषा, पर्सा र कैलालीका दुई स्थानमा आगलागीका घटना हुँदा सर्लाही, धनुषा, मकवानपुर, काभ्रेपलाञ्चोक, काठमाडौँ, गोरखा, लम्जुङ, पाल्पा र प्यूठानका एक-एक स्थानमा आगलागी भएका छन्।

बिजुलीको तार सट भएको तथा दियो बालेर त्यत्तिकै छाडेका कारण आगलागी भएको जनाइएको छ। हिउँदमा सुक्खा बढी हुनाले आगलागीका घटनामा वृद्धि हुने हुँदा विशेष सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ। प्राधिकरणका अनुसार यही फागुन १६ गते भएका कूल आठ वटा विपद्का घटनामध्ये सातवटा आगलागीका मात्रै थिए।

फागुन १५ गते प्राधिकरणमा दर्ता भएका कूल १९ वटा घटनामध्ये १७ वटा घटना आगलागीका थिए। यस आधारमा देशभर आगलागीका घटनामा वृद्धि भएको पाइएको छ।


**सर्टिफिकेट हरायो**

यही मिति २०८२।१०।०८ गते बिर्तामोडबाट चारआली जाने क्रममा मेरो रजिष्ट्रेशन नं. ३११८८ जेनी लिम्बूको नेपाल नर्सिङ्ग काउन्सिलको सर्टिफिकेट हराएको हुँदा भेट्नु हुने महानुभावले निम्न ठेगाना वा प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध छ।

**नाम**:- जेनी लिम्बू
**ठेगाना**:- मे.न.पा., धाइजन
मो. ९८२४०००९००

**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**


वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

**पार्ट टाइम जब**

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय इच्छुक महिला/पुरुषले तु-सम्पर्क गर्नुहोला।

**क्षेत्र** : बसपार्क/बुट्टाबारी
**तलब** : ५०००।- माथि (पाँच हजार रुपैयाँ माथि।)
**समय** : बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म।
**सम्पर्क** : ९८०७९१०२२२, ९८०६०३३१५३

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# नेपालीको सुरक्षामा गम्भीर बन

**रोजीरोटीका लागि विभिन्न खाडी देश पुगेका नेपालीको जीवनको रक्षा यसबेला राज्यको प्रमुख चुनौतीको विषय भएको छ । मध्य पूर्वका विभिन्न देशमा अहिले लाखौं नेपाली कार्यरत छन् । त्यहाँ गत शनिबार बिहान एकाएक आक्रमण भयो । अमेरिका र इजरायलले इरान माथि आक्रमण शुरु गरेपछि इरान प्रत्याक्रमणमा ओर्लिंदा मध्य पूर्वका कुवेत, साउदी अरब, कतार, बहराइन, संयुक्त अरब इमिरेट्समा क्षेप्यास्त्र प्रहार हुन थालेपछि विश्व एकाएक आतंकित बन्न पुग्यो । इरानले त्यहाँस्थित सैन्य अखडा र इजरायल माथि गरेको प्रत्याक्रमणले विश्वको शान्ति खलबलियो, जसका कारण वैदेशिक रोजगारीका लागि त्यहाँ रहेका लाखौं कामदार असुरक्षित हुन पुगे ।**

**मध्य पूर्वमा भएको आक्रमण र प्रत्याक्रमणका कारण विमान कम्पनीहरुले उडान स्थगित गरेका छन् । जसले नेपालबाट काम लगायत विभिन्न उद्देश्यले खाडी मुलुक जाने र ट्रान्जिट बनाउने यात्रुहरु अलपत्र परे । मध्यपूर्वको यो अवस्थाले त्रास बढाएको छ, आतंक र असुरक्षासँगै अब के होला भन्ने संशय पैदा गरेको छ । यसबीच नेपाल सरकारले मध्यपूर्वको अवस्थालाई मध्यनजर गर्दै नेपाली नागरिकलाई तत्कालका लागि यात्रा नगर्न र त्यहाँ रहेका नेपालीलाई उच्च सतर्कताका साथ रहन अनुरोध गरेको छ । सरकारले मध्यपूर्वका अन्य देशमा रहेका नेपालीलाई पनि घटनाक्रमको निगरानी गर्दै सावधानी अपनाउन आग्रह गरेको छ ।**

**जेनेभा वार्ता बिफल भएपछि अमेरिका र इजरायलले संयुक्त आक्रमण गरेपछि विकसित घटनाक्रमले निरपराध नागरिक नमरुन् त्यो सबैको चाहना हो । यद्यपि लगातारको आक्रमण र प्रत्याक्रमणले अमूल्य जनधनको क्षति भइरहेको छ । अर्को क्षेप्यास्त्र प्रहार कहाँ हुन्छ र कसरी सुरक्षित हुन सकिन्छ अनिश्चित छ । यस्तोमा जसरी हुन्छ सुरक्षित रहनुपर्छ, यो नै तत्कालको विकल्प हो । अन्धाधुन्धको क्षेप्यास्त्र प्रहारले इरानका दुईवटा विद्यालयका एक सयभन्दा बढी विद्यार्थीको ज्यान गएको बताइएको छ । थुप्रै निर्दोष बालबालिका घाइते भएका छन् । यसले विश्व शान्ति नै खलबलिने चिन्ता पनि बढेको छ । रोजगारीका लागि त्यहाँ रहेका एकजना नेपालीको मृत्यु पनि भइसकेको सन्दर्भमा सरकार र हामी सबै संवेदनशील हुन जरुरी छ । युद्धले थप जटिलता उत्पन्न नगरोस् यसका लागि आफ्ना नियमित कार्य रोकेर भए पनि युद्धग्रस्त क्षेत्रको नेपाली नागरिकको उद्धारका लागि विवेकसम्मत निर्णय गरिनुपर्छ । यो नेपाल सरकारको परीक्षाको घडी पनि हो ।**




सन्तोष पौडेल

# फागुन २१ दलहरूको अग्नि परीक्षा

फागुन २१ मा हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन नेपाली राजनीतिका लागि सामान्य आवधिक चुनाव मात्र होइन, दलहरूको एजेन्डा, नेतृत्व र अस्तित्वको अग्निपरीक्षा बनेको छ। विगतका निर्वाचनमा जस्तै यस पटक पनि सत्ता-प्रतिस्पर्धा त छँदैछ, तर मनोदशाको तहमा हेर्दा राजनीतिक परिदृश्य निकै फरक देखिन्छ। अघिल्ला चुनावमा दलहरूले सङ्घीयता, गणतन्त्रको संस्थागतकरण, संविधान कार्यान्वयन, समावेशिता जस्ता मूल राजनीतिक मुद्दालाई केन्द्रमा राख्ने गरेका थिए। तर यस पटक अधिकांश दलहरू स्थानीय तह निर्वाचनको शैलीमा विकास, पूर्वाधार, रोजगारी र सेवा प्रवाहका एजेन्डामा बढी केन्द्रित देखिन्छन्।

राजनीतिक दलहरुमा आएको यो परिवर्तन आफैंमा अर्थपूर्ण छ। एकातिर राजनीतिक एजेन्डा कमजोर भएको सङ्केत हो भने अर्कातिर जनताको प्राथमिकता बदलिएको यथार्थ पनि हो। विशेषतः गत भदौ २३ र २४ मा भएको 'जेनजी विद्रोह' भनेर व्याख्या गरिएको युवा असन्तुष्टिले दलहरूलाई आफ्नो भाष्य परिवर्तन गर्न बाध्य बनाएको छ। परम्परागत नाराभन्दा परिणाममुखी कार्यक्रम प्रस्तुत गर्नुपर्ने दबाब यसपटक सबै दलले महशुस गरेका छन्। यस निर्वाचनको सबैभन्दा ठूलो मनोवैज्ञानिक पाटो जेनजी पुस्ताको असन्तुष्टि हो। सामाजिक सञ्जाल मार्फत व्यक्त भएको आक्रोश, स्थापित नेतृत्वप्रति अविश्वास र वैकल्पिक राजनीतिक संस्कारको मागले पुराना दलहरूको आत्मविश्वास हल्लाएको छ।

यस निर्वाचनमा राजनीतिक पार्टीहरुले सार्वजनिक गरेका घोषणापत्रहरू नियाल्दा स्पष्ट हुन्छ, त्यहाँ धेरै डर र थोरै आशाको प्रतिविम्ब देखिन्छ। भ्रष्टाचारबिरुद्ध कठोर कदम, युवालाई नेतृत्वमा ल्याउने प्रतिबद्धता, पारदर्शिता र डिजिटल शासनका बाचा-यी सबै जेन-जीलाई सम्बोधन गर्ने प्रयास हुन्। तर, यी प्रतिबद्धताहरुमा पुरानो राजनीतिक संस्कारबाट पूर्ण विच्छेद भएको भने देखिँदैन। नयाँ भनिएका दलहरू पनि यस मनोदशाबाट मुक्त छैनन्। जेन-जी विद्रोहको भावनालाई नारामा प्रयोग गरे पनि प्रत्यक्ष रूपमा विद्रोही युवालाई नेतृत्व तहमा समावेश गर्न नसक्दा ती दलहरू 'हात्तीका देखाउने दाँत'जस्ता देखिएका छन् भन्ने धेरैको विश्लेषण रहेको छ। संरचना र नेतृत्वको तहमा पुरानै शैली दोहोरिएको छ।

पुराना दल मध्ये जेन-जी आन्दोलनका बेला सत्ताको साझेदार दल तथा तत्कालीन प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस विशेष महाधिवेशनपछि नयाँ नेतृत्वमा केन्द्रित देखिएको छ। औपचारिक रूपमा पुस्तान्तरण र सङ्गठन पुनर्संरचनाको सन्देश दिएको कांग्रेसले आफूलाई पुनर्जीवित गर्ने प्रयास गरिरहेको छ। विशेषगरी सभापति गगन थापाको सक्रियताले कांग्रेसभित्र ऊर्जा थपिएको देखिन्छ। थापाले युवामैत्री छवि निर्माण गर्दै कांग्रेसलाई पुरानो लोकतान्त्रिक विरासत फर्काउने कसरतमा दौडाइरहेका छन्।

नीति, सुशासन र संस्थागत सुधारको भाष्य मार्फत कांग्रेसलाई वैचारिक रूपमा पुनर्स्थापित गर्ने प्रयास भइरहेको छ। गुटगत प्रतिस्पर्धा, टिकट वितरणको केही असन्तोष र नेतृत्वको हस्तान्तरणमा अपूर्णता कांग्रेसको चुनौती बनेको छ। जेन-जी विद्रोहप्रति सहानुभूति देखाए पनि त्यसलाई पूर्णरूपमा आत्मसात् गर्ने हिम्मत कांग्रेसले अझै देखाउन बाँकी छ।

जेन-जी आन्दोलनअघि सत्ताको नेतृत्व गरेको नेकपा (एमाले) यसपटक रक्षात्मक भूमिकामा रहेको देखिन्छ। निर्वाचनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई आफ्नै निर्वाचन क्षेत्र केन्द्रित प्रचारले राष्ट्रिय अभियानलाई प्रभावित बनाएको छ। उहाँ झापा ५ मा केन्द्रित हुँदा देशव्यापी प्रचार पनि प्रभावकारी बन्न नसकेको सोही पार्टीका नेता, कार्यकर्ताको भनाइ रहेको छ। एमालेले राष्ट्रियताको पक्षमा विगतमा देखाएको अडानले उसलाई केही राहत दिएको छ।

गणतन्त्र स्थापना अभियानको प्रमुख हिस्सेदार मध्ये एक तत्कालीन माओवादी धारको निरन्तरतामा बनेको तथा दुई दर्जनभन्दा बढी कम्युनिस्ट घटक र समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी यसपटक तुलनात्मक रूपमा सुदृढ, एकताबद्ध र राजनीतिक एजेन्डासहित मैदानमा उत्रिएको देखिन्छ। अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा पार्टीले राष्ट्रिय स्वाधीनता, संविधान रक्षा र कार्यान्वयन, सुशासन र उत्पादन र उत्पादकत्व वृद्धिमार्फत समृद्धिलाई प्रमुख मुद्दा बनाएको छ। विगतमा गठबन्धनका कारण सीमित क्षेत्रमा मात्रै उम्मेदवारी दिने गरेको यस दलले यस पटक एक सय ६४ स्थानमा एकल उम्मेदवारी दिएको कारण मत बढ्ने र राम्रै नतिजा ल्याउने आत्मविश्वाससहित अगाडि बढेको भएता पनि सबै पुराना दल र नेता उस्तै हुन् भन्ने भाष्य चिर्नु उसको लागि चुनौती बनेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई नयाँ राजनीतिक विकल्पका रूपमा प्रस्तुत गरेको छ। तर, यसअघि संसद् र सरकारमा सहभागिता जनाइसकेको तथ्यले 'पूर्ण नयाँ' दाबी माथि प्रश्न उठेको छ। नेतृत्व माथि सहकारी ठगी लगायत विभिन्न आरोप, अदालती झमेलाहरू, उम्मेदवार चयनमा चलखेलको चर्चा र केही उम्मेदवार माथि लागेको आरोपले जनस्तरमा आलोचना निम्त्याएको छ। रास्वपाले सेलिब्रेटी उम्मेदवार र वैकल्पिक छविको प्रयोग मार्फत पार्टीले मतदाता आकर्षित गर्ने प्रयास गरिरहेको छ। दुई तिहाइ बहुमतको आह्वान गर्दै चुनावी दौडमा रहेको रास्वपाको घोषणापत्र हेर्दा स्पष्ट राजनीतिक वैचारिक रूपरेखा भन्दा प्रदेश र जिल्लापिच्छे फरक-फरक विकास योजना प्रस्तुत गरिएको देखिन्छ। जेनजी मतदातामाझ प्रभाव देखिएको भए पनि ठोस वैचारिक आधार नदेखिँदा दीर्घकालीन स्थायित्वबारे प्रश्न उठिरहेका छन्।

अन्य साना दल र मधेसवादी दलहरू पनि स्पष्ट राजनीतिक एजेन्डा र नेतृत्वको स्पष्ट भिजनसहित प्रस्तुत नहुनु तथा नव युवाको आकर्षण नदेखिँदा विगतको विरासत गुम्ने चुनौतीमा रहेका छन्। राजतन्त्रको पुनःस्थापना सहितको एजेन्डामा अगाडि आएको राप्रपा अस्तित्व कायम राख्ने दौडमा छ। समग्रमा फागुन २१ को प्रतिनिधिसभा चुनाव पुराना र नयाँ सबै दलहरूका लागि जीवनमरणको निर्णायक मोड बनेको छ। यो निर्वाचन कांग्रेसका लागि नयाँ नेतृत्वलाई स्थायित्व दिने परीक्षा, एमालेका लागि आत्मालोचना र पुनर्संरचनाको चुनौती, नेकपाका लागि वैकल्पिक राजनीतिक शक्ति साबित गर्ने अवसर र रास्वपाका लागि 'नयाँपन' प्रमाणित गर्ने कसौटी बनेको छ।

वि.सं. २०७२ सालमा नयाँ संविधान जारी भएपछि सम्पन्न आवधिक निर्वाचनमा प्रमुख राजनीतिक दलले नै गठबन्धन र तालमेल गर्दै सत्तामा पुगेका थिए। सत्तामा जान सिद्धान्त र विचार नमिल्नेसँग पनि गठबन्धन गरी चुनाव जित्ने वा चुनावलाई आफ्नो पक्षमा बनाउने कार्य यसपटकको निर्वाचनमा नहुने भएको छ। यसले गर्दा दलहरूको वास्तविक हैसियत यस पटकको चुनावमा प्रष्ट देखिनेछ। आम मतदाताले आफूलाई मन परेको दलको उम्मेदवारलाई भोट हाल्न पाउने छन्। विगतमा मतदाताले आफूले रोजेको र खोजेको पार्टी र उम्मेदवारलाई भोट हाल्न नपाउँदा एक किसिमको असन्तुष्टिको अवस्था थियो। मतदाताले आफ्नो विवेकसहित इच्छाएको पार्टीको उम्मेदवारलाई मत दिन पाउने भएसँगै नयाँ उत्साह थपिएको छ। यस पटकको निर्वाचनमा सबै दलको साङ्गठनिक शक्ति र जनविश्वास परीक्षण हुने भएकाले आम मतदाताको विश्वास जित्न निकै मेहनत गर्नुपर्ने अवस्था छ।

यस निर्वाचनले केबल संसद्को अङ्कगणित मात्र तय गर्ने छैन, नेपाली राजनीतिमा पुस्तान्तरण, वैचारिक स्पष्टता र लोकतान्त्रिक संस्कारको भविष्य पनि निर्धारण गर्नेछ। डर, आशा, आक्रोश र अपेक्षाबीच नेपाली मतदाता अन्ततः कसलाई भरोसा गर्ने भन्ने निर्णयको घडीमा रहेका छन्। यतिबेला मतदाताले विवेक गुमाउनु हुँदैन। हत्या र बिध्वंस पुनः दोहोरिन नदिन र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न यतिबेला एकमत निर्णायक बन्न सक्छ। त्यसैले मतदाताले पनि एकपटक टक्क अडिएर सोच्न र सही दल र उमेदवारलाई मत दिन अनिवार्य देखिएको छ। यस अर्थमा फागुन २१ को निर्वाचन दलहरूको मात्र होइन, मतदाता र समग्र लोकतान्त्रिक यात्राकै पनि अग्निपरीक्षाको रूपमा लिन सकिन्छ।



# होलीमा छालाको सुरक्षा कसरी गर्ने ?

रङको पर्व होली हिमाली तथा पहाडी जिल्लामा धुमधमका साथ मनाइँएको आज झापासहित तराइका जिल्लामा होली पर्व धुमधामका साथ मनाइँदैछ। विशेष गरी दुई दिन मनाइने यो पर्व तराई तथा मधेशका जिल्लामा भने आज मनाइँदैछ। ठाउँ र क्षेत्र अनुसार फरकफरक रुपमा मनाइने होली पछिल्लो समय धुमधामसँग मनाउने प्रचलन बढ्दो छ। आफन्त एकै ठाउँमा भेला भएर एक अर्कोलाई रङ लगाएर मिठोमिठो खाएर यो पर्व मनाउने गरिन्छ। फागु पूर्णिमाका दिन साना बालबालिकादेखि वृद्धवृद्धासम्म होलीको रङमा रङ्गिने गर्दछन्। होली खेल्दा प्रयोग गरिने रङ रसायनयुक्त हुने हुँदा सचेत रहन चिकित्सकले सुझाव दिएका छन्।

छालारोग विशेषज्ञ डा. उमा केएल होलीमा प्रयोग हुने रङमा विभिन्न किसिमका रसायनको प्रयोग हुने बताउँछिन्। रसायनयुक्त रङले शरीरमा नकारात्मक असर पार्ने उनको भनाइ छ। उनका अनुसार होलीमा प्रयोग हुने रङले शरीरमा तत्कालीन तथा दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउने गर्छ। रसायनयुक्त रङले विशेषगरी छाला, कपाल, आँखा, नङ, श्वासप्रश्वास फोक्सो, मृगौला लगायतका विभिन्न अंगमा नकारात्मक असर पुऱ्याउने उनी बताउँछिन्।

**रङ कस्तो छान्ने ?**

परम्परागत रुपमा खेलिने होलीमा रङ पनि प्राकृतिक हुन्थ्यो। प्रायः रङहरु फुलको बेटल्सबाट बनाइन्थ्यो। तर, अहिले बजारमा सेनिथ्याटिक कलर बिक्री भइरहेको हुन्छ। जसमा विभिन्न किसिमका केमिकलको प्रयोग हुने गरेको पाइएको डा. उमा बताउँछिन। त्यसमाथि होलीको समयमा बिक्री हुने कलर बाटोको छेउमा राखिएको हुन्छ। प्लाष्टिकमा राखिएको कलरमा के मिसाइएको हुन्छ भन्ने कुराको ज्ञान हामीलाई हुँदैन। त्यसैले सकेसम्म बाटोमा बेच्न राखिएको कलर नकिन्ने, कलरको प्याकेटको बाहिर त्यसमा के-के कुराहरु मिसाइएको छ भन्ने कुराको पनि ख्याल गर्नु जरुरी रहेको उनले बताइन्।

हरेक वर्ष होलीको भोलिपल्ट नै छालामा समस्या लिएर धेरै बिरामी आउने गरेका र धेरैजसो बिरामीमा कलरको एलर्जीको समस्या देखिने गरेको उनको भनाइ छ। त्यस्तै साना बालबालिकामा छाला एकदमै सुख्खा हुने समस्या हुने गरेको पाइन्छ भने वृद्धवृद्धामा दम तथा एक्जीमाको समस्या पनि आउने गरेको उले बताइन्। गलत रङको प्रयोगले छाला फुस्रो हुने, सुख्खापन हुने, रातो धब्बा आउने र अनुहारमा डण्डीफोर आउने सम्भावना रहन्छ। घाममा खेल्दा अनुहारमा पोतोलाई पनि बढाउन सक्ने डा. उमा बताउँछिन्।

**खेल्नुअघि र पछि के-के कुरामा ध्यान दिने ?**

होलीमा खेलिने रङले विशेषगरी बाहिरी अंगलाई असर गर्ने भएकाले होली खेल्नुअघि लोसन र क्रिम राम्रोसँग लगाउन डा. उमाको सुझाव छ। किनकि होली खेल्दा दिउँसोको टण्टलापुर घाममा बाहिर खेलिने भएकाले रङ तथा घामबाट जोगिनका लागि सन्सक्रिम लगाउन एकदमै जरुरी हुने उनको भनाइ छ। त्यस्तै होली खेल्न प्रयोग हुने रङमा मिसाइएको केमिकल र घामको विकिरण मिलेर छालालाई एकदमै सुख्खा बनाउने, एलर्जी आउने हुन सक्छ। त्यस्तै पूरा बाउला भएको लुगा लगाउन र आँखा जोगाउन चस्माको प्रयोग गर्न सकिन्छ। जसले गर्दा रङ सिँधै आँखामा जानबाट जोगाउँछ भने घामबाट जोगाउन पनि सहयोग पुग्ने डा. उमाको भनाइ छ।

होली खेल्दा नङको साइडको छालाबाट रङ छिरेर इन्फेक्सन हुने सम्भावना धेरै हुन्छ। त्यसैले होली खेलीसकेपछि साबुनपानीले हात धोएर क्रिम लगायो भने हानी गर्न पाउँदैन। अन्य अंगको हकमा पनि त्यही हो। होली खेलीसकेपछि लामो समयसम्म नराखी जतिसक्दो चाँडो साबुनपानीले धुनुपर्ने उनको भनाइ छ। रङ खेलिसकेपछि एकै पटक गाढा रङ घोटेर फाल्नु पनि छालाका लागि खरता हुने उनको भनाइ छ। 'सामान्यतयाः कलरमा भएको केमिकल्स एकपटक धुँदा गइसकेको हुन्छ। त्यसपछि दाग मात्रै रहने भएकाले दाग बिस्तारै जाँदै गर्छ। त्यसलाई धेरै घोट्न घातक हुनेछ।'

**कसरी रङसँग सुरक्षित रहने ?**

होली हाम्रो परम्परादेखि खेलिँदै आएको मौलिक पर्व हो। तर रङ खेल्दा संवेदनशील अंग आँखा, नाक, मुख, कानमा पर्ने गरी अरुलाई कलर लगाउनु हुँदैन। गालातिर, निधारतिर लगाएर सुरक्षित भएर खेल्नु राम्रो हुन्छ। टाढाबाट सुख्खा कलर फालेर खेल्ने पनि कतिपयको बानी हुन्छ। त्यसले गर्दा पनि श्वासप्रश्वासको माध्यमबाट कलर भित्री अंगमा प्रवेश गरेर दम भएका व्यक्तिलाई असर गर्नुका साथै स्वास्थ मानिसहरुलाई पनि खोकी लाग्ने, एलर्जी गराउने समस्या हुनसक्छ। यस्ता कुरामा सचेत हुनुपर्छ। होली खेल्नु अगाडि छातामा क्रिम लगाए जस्तै कपालमा पनि तेल लगाउनु जरुरी हुन्छ। जसले रङका कारण कपाललाई सुख्खा हुन दिँदैन।




**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** तपाईको आजको दिन रमाइलो छ, गरेका कार्य सफल हुनेछन्, लामो समयदेखि छुटेका मित्रजनसँग रमाइलो भेट हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** धार्मिक तिर्थयात्रा हुनेछ, साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, आज शुखद् खबर सुनिने छ, व्यपार व्यवसायमा भने सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, यो अवधिभर कसैसँग विवाद नगर्नुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** दिन मध्यम छ, बोलिको भरमा काम बन्ने योग छ, बोलीमा विचार पुऱ्याउनु होला, स्वास्थ्यमा समस्या देखिन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मनमा उत्साह बढेर जानेछ, पारिवारिक रमाइलो जमघट हुनेछ, खर्च हुने समय छ, मावली पक्षबाट शुभ समाचारको योग छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मान प्राप्त हुने योग आएको छ, स्वास्थ्यले पनि साथ दिनेछ, बेलुकीपख थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ, सतर्क रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तपाईको आज मन शान्त रहने छ, रमाइलो पारिवारिक जमघट हुनेछ, व्यर्थको यात्रा गर्नुपर्ने हुँदा खर्च बढेर जानेछ, खर्चिलो योग रहेको छ।


ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

मिति २०८२/११/१८ सोमबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३,२६,१००।-
चाँदी
प्रति तोला
रु. ६,०२०।-



**सुनसरीको विष्णुपादुका मन्दिर** : सुनसरीको धरान उपमहानगरपालिका–२०, विष्णुपादुकास्थित प्रसिद्ध विष्णुपादुका मन्दिर । भगवान विष्णुले पाउ राखेको धार्मिक किंवदन्ती रहेको यहाँ श्राद्ध गर्नाले पितृको उद्धार हुने जनविश्वास छ । *तस्वीर : रासस*

# योग्य उम्मेदवार छनोटका लागि मन्थन गर्न मौन अवधि

पूर्व प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने भएकाले त्यसको पूर्णपालनाका लागि आग्रह गरेका छन् । उनले निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्तिसुरक्षा र सुव्यवस्थासहित भयरहित वातावरणमा निर्वाचन गर्नका लागि वातावरण तय गर्न मौन अवधिको व्यवस्था गरिएको स्पष्ट पारे ।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मौन अवधि फागुन १८ गते राति १२ बजेदेखि लागू भएको छ । मौन अवधि र यसको महत्वबारे राससससँगको कुराकानीमा पूर्व प्रमुख निर्वाचन आयुक्त थपलियाले भने- 'निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरन्छ । त्यस्तो अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जान सक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो ।'

आ-आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मत परिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ । मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्वपूर्ण हुने पूर्व प्रमुख निर्वाचन आयुक्त थपलियाको भनाइ छ । 'मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ' -उनले भने- 'यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्ति सुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ ।'

विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्न चलन छ । पूर्व प्रमुख आयुक्त




थपलियाले भयरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक 'योग्य र रोजेको' उम्मेदवारलाई मतदानका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा लिइने बताउँछन् ।

मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडुल गर्न, कुनै किसिमको भेला, भाषण र छलफल गर्न हुँदैन । निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइँदैन । सामान्यतः निर्वाचन प्रचारप्रसारको कार्य निषेध गरिएको अवधिलाई मौन अवधि भनिन्छ । मतदानका लागि शान्त वातावरण कायम गराउने उद्देश्यले मतदानका दिनभन्दा अघि निश्चित समयावधि तोकी मौन अवधि घोषणा गरिन्छ ।

मतदान हुने दिन शुरु हुनुभन्दा ४८ घण्टा अघिदेखि मौन अवधि शुरु भई मतदान सम्पन्न नहुन्जेलसम्म कायम रहन्छ । उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ ।

मौन अवधि शुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको तीन सय मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ । उक्त अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जाल मार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन । त्यस्तै उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुनेगरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन ।

आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, तीन सय ८८ महिला र एक अन्य गरी तीन हजार चार सय छ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

यस्तै सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार तीन सय ६३ पुरुष र एक हजार सात सय ७२ महिला गरी तीन हजार एक सय ३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ एक सय ६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ एक सय १० स्थानका लागि निर्वाचन हुनेछ । यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार तीन सय ५८ पुरुष, ९२ लाख ४० हजार एक सय ३१ महिला र दुई सय अन्य गरी एक करोड ८९ लाख तीन हजार छ सय ८९ मतदाता छन् । त्यसैगरी एक लाख ८६ हजार एक सय ४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ ।

निर्वाचनका लागि देशभर १० हजार नौ सय ६७ मतदानस्थलमा २३ हजार एक सय १२ मतदान केन्द्र निर्धारण गरिएको छ । एक सय ४३ अस्थायी मतदान स्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार सात सय २७ नेपाली सेना, ७५ हजार सात सय ९७ नेपाल प्रहरी, ३४ हजार पाँच सय ६७ सशस्त्र प्रहरी बल, एक हजार नौ सय २१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् । निर्वाचनमा दुई लाख १५ हजार कर्मचारी खटिँदैछन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार दुई सय मतपत्र छपाइ गरिसकेको छ । यस पटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् ।

## भुल्केमा जलाधार क्षेत्र संरक्षण अभियान

**भोजपुर, फागुन १८।** मानवीय क्रियाकलाप र जलवायु परिवर्तनका असरका कारण सुक्दै गएका प्राकृतिक मुहान जोगाउन भोजपुरको रामप्रसादराई गाउँपालिकाले जलाधार क्षेत्र संरक्षण अभियान अघि बढाएको छ ।

गाउँपालिका-३ स्थित भुल्के क्षेत्रमा नेपाल जलवायु अनुकूलन कार्यक्रमअन्तर्गत मुहान संरक्षण तथा आवश्यक संरचना निर्माण गरिएको हो । रु. २५ लाख बजेटबाट पाँचधारे र तीनधारे मुहानको संरक्षण, घेराबारा, रिचार्ज पोखरी निर्माण, करिब दुई सय मिटर सिँचाइ कुलो निर्माण, विश्राम स्थल तथा शौचालय निर्माण लगायतका काम गरिएको वडाध्यक्ष रामु थापामगरले जानकारी दिए ।

संरक्षण गरिएका मुहान हाल खानेपानी र सिँचाइ दुबै प्रयोजनका लागि प्रयोग हुँदै आएका छन् । उनका अनुसार भविष्यमा समेत मुहान सुक्न नदिन रिचार्ज पोखरी निर्माणले थप टेवा पुगेको छ । यसअघि सोही क्षेत्रमा रहेको ठूलो मुहान र लम्साल मुहानको पनि संरक्षण गरिएको थियो । स्थानीय प्रकाश बानियाँले विगतमा मुहान संरक्षण नहुँदा खानेपानीको समस्या भए पनि अहिले सहजता भएको बताए ।

गाउँपालिका अध्यक्ष थामबहादुर राईले जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा जलस्रोतमा नकारात्मक असर देखिएको उल्लेख गर्दै जलाधार संरक्षणलाई प्राथमिकतामा राखिएको बताए । अध्यक्ष राईका अनुसार सडक विस्तार तथा अन्य मानवीय गतिविधिका कारण मुहान सुक्ने जोखिम बढेकाले गाउँपालिका सचेत रहेको छ ।

नेपाल जलवायु अनुकूलन कार्यक्रममार्फत प्राप्त बजेटलाई वातावरण संरक्षण र दिगो विकासमा खर्च गरिएको उनको भनाइ छ । भुल्के क्षेत्रमा गरिएको संरक्षण कार्यले स्थानीय बासिन्दाको दैनिकी सहज बनाउनुका साथै दीर्घकालीन रूपमा वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण योगदान पुग्ने गाउँपालिकाले जनाएको छ ।

## चुनावको दिन देशभरका हल बन्द

**झापा, फागुन १८।** प्रतिनिधि सभा निर्वाचनको दिन देशभरका फिल्म हलहरू बन्द हुने भएका छन् । निर्वाचनलाई सहयोग गर्न र कर्मचारीहरूलाई मतदानको अवसर प्रदान गर्न फागुन २१ गते हलहरू बन्द रहने प्रदर्शकहरूको छाता संस्था नेपाल चलचित्र संघका उपाध्यक्ष गोपालकाजी कायस्थले जानकारी दिए । उनका अनुसार बुधबार बस्ने संघको बैठकले यसबारे आधिकारिक निर्णय गर्नेछ ।

संघले निर्णय गर्नुभन्दा अघि नै केही हलहरूले सामाजिक सञ्जालमार्फत चुनावको दिन हल बन्द रहने जानकारी गराइसकेका छन् । देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले पनि एक सूचना जारी गर्दै कर्मचारीहरूलाई मतदानका लागि प्रोत्साहन गरिएकाले निर्वाचनको दिनसँगै २० र २२ गते पनि केही स्थानका हलहरूको सेवा प्रभावित हुने जनाएको छ ।

चुनावी माहोलका कारण केही दिनयता हलहरूमा दर्शकको उपस्थिति निकै न्यून देखिएको छ । 'आ बाट आमा'बाहेक कुनै फिल्ममा अपेक्षित दर्शक छैनन् । यद्यपि, हलहरूमा फिल्म भने प्रशस्त छन् । अहिले नेपालीतर्फ 'आ बाट आमा'सहित कुमारी', 'प्रवासी जीवन' र 'रमिताको पिरती' प्रदर्शनरत छन् भने विदेशीतर्फ 'ओ रोमियो', 'स्क्रिम ७', 'क्राइम १०१' जस्ता फिल्महरू छन् ।

चुनावपछि फागुन महिनाको अन्तिम फिल्मको रूपमा 'लालिमा' प्रदर्शन हुँदैछ, जसको प्रदर्शन मिति फागुन २९ गतेलाई तोकिएको छ । चैतमा भने 'हामी तीन भाइ', 'राम नाम सत्य' र '३६ को आँकडा' जस्ता फिल्म प्रदर्शन हुँदैछन् । चैत पहिलो साता अर्थात् मार्च १९ मा दक्षिण भारतीय फिल्म 'टक्सिक' र बलिउडको 'धुरन्धर २' पनि प्रदर्शन हुने तयारीमा छन् ।

## हस्तकला प्रतियोगिता

**भोजपुर, फागुन १८।** स्थानीय विद्यालयमा अध्ययरत विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ यहाँको एक ग्रामीण विद्यालयमा हस्तकला प्रतियोगिता आयोजना गरिएको छ ।

जिल्लाको भोजपुर नगरपालिका-५, बोखिममा रहेको पञ्चकन्या माध्यमिक विद्यालयमा हस्तकला प्रतियोगिता आयोजना गरिएको प्रधानाध्यापक लक्ष्मण जोशीले बताए । स्व.गङ्गाप्रसाद राई आइओएम तथा मनकुमारी राईको स्मृतिमा आयोजना गरिएको प्रतियोगितामा २८ विद्यार्थीको सहभागिता रहेको थियो । प्रतियोगितामा कक्षा ७ मा अध्ययनरत सागार तामाङ (मालिङ्गोको चित्रा) प्रथम, कक्षा ७ कै अमिसा तामाङ (परालको पीरा) द्वितीय र कक्षा ९ का योगेश श्रेष्ठ (मही पार्ने मदानी) तृतीय भएका छन् ।

विजयीलाई विद्यार्थीलाई क्रमशः रु. पाँच हजार, रु तीन हजार र रु दुई हजारका साथमा प्रमाणपत्र प्रदान गरिएको छ । सबै प्रतियोगी विद्यार्थीले स्थानीय सामग्रीको प्रयोग गरी आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।


Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

विशेषज्ञ डाक्टरहरूको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल–पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क : ९८०२३१३२९० ९८२४०५७७०७ ९८०२३१३२९३

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुट्ठ सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771 (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System
Trusted by more than 1.1 Million+ Patients
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क : ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa Near Aduwa Khola Behind Binayak hotel Birtamode, jhapa, Nepal
Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी ९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


### भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जगाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| ओमबाबु राजवंशी समेत | पथरिया-८ | ७०६ | २९६१०.०० | पाडो सतार |
| ओमबाबु राजवंशी समेत | बालुबाडी-५ | ८०<br>७९<br>१९० | १२९६५.००<br>१६९०.००<br>१९१५.०० | मतला सतार |